# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, भदौ २१ गते २०५६ साल (संख्या २१

## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

#### वन (पहिलो संशोधन) नियमावली, २०५६

वन नियमावली, २०५१ लाई संशोधन गर्न वान्छनीय भएकोले,

वन ऐन, २०४९ को दफा ७२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम "वन (पहिलो संशोधन) नियमावली, २०५६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. वन नियमावली, २०५१ को नियम ६ मा संशोधनः वन नियमावली २०५१ को नियम ६ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

(१) श्री ५ को सरकारले सर्वसाधारण जनताको हितलाई ध्यानमा राखी उप-नियम (२) बमोजिम काठ, दाउरा बिक्री, वितरण गर्न नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिदिएको जिल्लामा देहाय बमोजिमका अध्यक्ष तथा सदस्य रहेको एक जिल्ला वन पैदावार आपूर्ति समिति गठन गर्न सक्नेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।